# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन १७ औं वार्षिकोत्सव





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : २४९ ॥ २०८२ कातिक २३ गते आईतबार (9th Nov 2025 Sunday) **Pratidin** National Daily मूल्य-रु.५/-


# एक महिना पनि टिकेन मधेश सरकार

झापा(प्रस) । मधेस प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत नपाउने भएपछि राजीनामा दिएका छन् । कांग्रेस र एमालेलाई पाखा लगाएर मुख्यमन्त्री बनेका सोनल नेतृत्वको सरकार २५ दिनमै ढलेको हो । सोनलले शनिबार मधेस प्रदेशसभामा विश्वासको मत लिने कार्यक्रम थियो ।मुख्यमन्त्री बनाउन समर्थन गरेका सांसद विपक्षी कित्तामा उभिएपछि सोनलले विश्वासको मत नपाउने सुनिश्चित भएको थियो । आफ्नो पक्षमा बहुमत नपुग्ने भएपछि विश्वासको मतका लागि प्रक्रिया नै सुरु नहुँदै उनले राजीनामा दिएका हुन् ।
सोनल संविधानको धारा १६८ (२ ) बमोजिम असोज २९ गते मुख्यमन्त्री नियुक्ति भएका थिए । सोनल गएको असोज २९ गते जनता समाजवादी पार्टी, जनमत, माओवादी केन्द्र, लोसपा, एकीकृत समाजवादी गरी पाँच दलका ५६ सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए ।
मधेश प्रदेशमा मुख्यमन्त्री सोनलले संसद् मा विश्वासको मत नलिइ राजीनामा दिएपछि अर्को सरकार गठनको प्रक्रिया संविधानको धारा १६८(२)मै दोहोरिने वा १६८(३)मा जाने भन्नेबारे राजनीतिक दलहरुबीच नयाँ बहस सुरु भएको छ ।



संविधानविद् चन्द्रकान्त ज्ञवालीका अनुसार १६८(२)अनुसार नियुक्त मुख्य मन्त्रीले विश्वासको मत नपाएपछि राजीनामा दिएपनि संविधानको धारा १६८(३)अनुसार मुख्यमन्त्री नियुक्तिका लागि प्रदेश प्रमुखले आह्वान गर्नुपर्ने हुन्छ।

यसअघि सुदूरपश्चिम र गण्डकी सरकारको हकमा सर्वोच्च अदालतबाट दुईवटा नजिर प्रतिपादन भइसकेको थियो।

ज्ञवालीले भने,'संविधानको धारा १६८(२) अनुसार बनेका मुख्यमन्त्रीले संसद्बाट विश्वासको मत नपाएमा,पाउन नसक्ने भएर राजीनामा दिए पनि संविधानको धारा १६८(३) मा जान्छ। मधेस प्रदेशसभामा ठूलो दलको हैसियतले एमाले संसदीय दलका नेता मुख्य मन्त्री नियुक्त हुन्छन्। यससम्बन्धी सुदूरपश्चिम र गण्डकी सरकारको हकमा यसअघि नै दुईवटा नजिर स्थापित भइसकेको छ। बारम्बार एउटै धारा आकर्षित हुने हो भने अरू धाराले काम पाउँदैन। खारेज गर्नुपर्छ, नत्र अर्को धारामा गएर सरकार बनाउनुपर्छ। संविधानको व्यवस्था, मर्म र भावना पनि त्यही हो।'
तर अर्का कानुनविद् टीकाराम भट्टराई भने संसदमा विश्वासको मत नलिई राजीनामा दिएको अवस्थामा फेरि पनि धारा १६८(२)नै आकर्षित हुने बताउँछन्। १६८(२) अनुसारको सरकार बन्ने अवस्था नभएमा मात्र धारा १६८(३) मा जाने उनको तर्क छ। कोशी सरकारमा यस्तै राजनीतिक परिस्थितिमा १६८(२) नै आकर्षित भएको नजिर छ। तर ज्ञवाली प्रदेशको हकमा एउटै धारा दोहोरिएर सरकार बनेको अवस्था नभएको दाबी गर्छन्।
सोनल संविधानको धारा १६८(२) बमोजिम जनता समाजवादी पार्टी, जनमत, माओवादी केन्द्र, लोसपा, एकीकृत समाजवादी गरी पाँच दलका ५६ सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए।

संविधानअनुसार, धारा १६८(२) अन्तर्गतको नियुक्त मुख्यमन्त्रीले विश्वासको मत नपाएपछि संसदको ठूलो दलको संसदीय दलको नेता मुख्यमन्त्री नियुक्त हुन्छ।
संविधानको धारा १६८(३) अनुसार, प्रदेशसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्त गर्न नसक्ने अवस्था वा त्यसरी नियुक्त मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेशसभामा सबैभन्दा बढी सदस्य भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ।
धारा १६८(३) अनुसार नियुक्त मुख्यमन्त्रीले विश्वासको मत नलिएपछि धारा १६८(५)अनुसार प्रदेशसभाका सदस्यमध्ये विश्वासको मत प्राप्त गर्न सक्ने सांसदलाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था रहेको संविधानविद् ज्ञवालीले बताए ।

## गौरादहमा सर्पले डसेर महिलाको मृत्यु

झापा(प्रस) । झापाको गौरादहमा सर्पले डसेर एक महिलाको मृत्यु भएको छ ।



शुक्रवार राति अन्दाजी ८:३०बजे गौरादह वडा नं ६ तेडियाडाँगी बस्ने स्व.अजय शर्माकी श्रीमती २५ वर्षीया चादनीदेवी शर्मालाई आफ्नै घरभित्र स्टोररुम जाने क्रममा बिषालु गोमन सर्पले दाहिने खुट्टामा डसेको थियो ।

घाइतेलाई उपचारको लागि सामुदायिक सर्पदंश उपचार केन्द्र सिजुवा मोरङ लगिएकोमा उनलाई डाक्टरले चेकजाँच गर्ने क्रममा राति ११:४५ बजे मृत्यु भएको प्रहरीले जनाएको छ ।

## सुधार केन्द्रमा युवकको मृत्यु, सञ्चालकसहित ९ जना पक्राउ

झापा(प्रस) । सुनसरीको धरानमा रहेको नयाँ लक्ष्य उपचार तथा पुनर्स्थापना केन्द्रमा उपचाररत एक युवकको कुटपिटबाट मृत्यु भएपछि सञ्चालकसहित ९ जना पक्राउ परेका छन् ।
धरान-११ मंगलबारेस्थित पुनर्स्थापना केन्द्रमा उपचारत तेह्रथुमको मेन्छयायेम गाउँपालिका-६ का ३३ वर्षीय खड्गबहादुर राईको कुटपिटबाट मृत्यु भएको थियो । कुटपिटबाट घाइते भएका राईको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गत मंगलबार दिउँसो मृत्यु भएको हो ।
प्रहरीले पुनर्स्थापना केन्द्रमा लगाएको सीसी क्यामेरा फुटेज हेर्दा पाता कसेर कम्मरमा कम्ब्याट र डसनाले हातखुट्टा समेत चल्न नसक्ने गरी बाँधेर लडाएको देखिएपछि सञ्चालकसहित ९ जनालाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय धरानले जनाएको छ । पक्राउ पर्नेमा सुधारगृह सञ्चालक धरान-८ का ३५ वर्षीय मणिराज राई, धरानकै २५ वर्षीय राकेश प्रधान, २० वर्षीय श्रवण राजधानी, ४० वर्ष निकेश सुनुवार, ४१ वर्षीय सुरेन लिम्बु, ३८ वर्षीय हस्तबहादुर विश्वकर्मा, ३७ वर्षीय बिरु लिम्बु, ३५ वर्षीय सचिन राई र मोरङको सुन्दरहरैचा बस्ने वर्ष २७ को विजय चौधरी रहेका छन् ।
गत बिहीबार नियन्त्रणमा लिइएका उनीहरूलाई सुनसरी जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय धरानले जानकारी दिएको छ ।

# महिला सहकारीमा जनश्रुति साकोस बिर्तामोडभरि उत्कृष्ट

झापा(प्रस) । बिर्तामोडका १३ वटा महिला सहकारीमध्ये जनश्रुति महिला बचत तथा ऋण सहकारी संस्था वासलातको हिसावले नगरकै उत्कृष्ट देखिएको छ ।
बिर्तामोड ५ स्थित जनश्रुति महिला बचत तथा ऋण सहकारी संस्थाले शनिवार आयोजित १२ औ वार्षिक साधारण सभामा ११ करोड ३७ लाख ६ हजार ७५ रुपैयाँको वासलात प्रस्तुत गरेको हो ।
संस्थाकी अध्यक्ष तुलकुमारी राजवंशीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाले यस वर्ष ७ लाख ८१ हजार ४११ रुपैयाँ खुद नाफा आर्जन गरेको बताइन् । उनले त्यसकै आधारमा सदस्यहरुलाई लाभांश वितरण गरिने जानकारी दिइन् । हाल शेयर पुँजी २ करोड १ लाख १३ हजार



४९० रुपैयाँ रहेको संस्थाको बचत रकम ७ करोड ३१ लाख ९३ हजार २०९ र कर्जा १० करोड ३५ लाख ५८ हजार ५७३ रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ । बिर्तामोड र अर्जुनधारा कार्यक्षेत्र रहेको संस्थामा १ हजार ९०७ जना सदस्य रहेका छन् ।
साधारण सभाको उद्घाटन गर्दै सहकारी प्रशिक्षक डिल्ली दाहालले कोरोना कहर र आर्थिक मन्दीको मार परिरहेको विषम परि स्थितिमा समेत जनश्रुति महिला साकोसले नाफा कमाएर सदस्यहरुलाई लाभांश वितरण गर्नु प्रशंसनीय कार्य भएको बताए । उनले महिलाहरुले चलाएको सहकारीहरु कही पनि नबिग्रिएको बताउँदै महिला सहकारी चलाउने संचालकहरुमा इमान्दारिता देखिएको धारणा राखे ।

कार्यक्रममा लेखा सुपरीवेक्षण समितिकी संयोजक सावित्रीकुमारी राजवंशीले लेखा प्रतिवेदन प्रस्तुत गरेकी थिइन् ।
कार्यक्रममा ज्येष्ठ नागरिक सदस्य सम्मान, उत्कृष्ट बचतकर्ता सम्मान , असल कारोवारकर्ता सम्मान प्रदान गरिनुका साथै सामुदायिक विद्यालयका तर्फबाट एसईई परीक्षामा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यका छोराछोरीलाई पुरस्कृत गरिएको थियो । ज्येष्ठ नागरिक सदस्य सम्मानबाट कौशल्या चौधरी र हेमवती राजवंशी ,उत्कृष्ट बचतकर्ता सम्मानबाट ओमादेवी ढकाल, सुरज राजवशी र तुलसा मिश्र , असल कारोवारकर्ता सम्मानबाट विमला चौधरी र ज्योति पराजुली तथा सामुदायिक विद्यालयतर्फबाट एसईई परीक्षामा उत्कृष्ट अंक ल्याउने सदस्यका छोराछोरीमध्ये लिलाकुमारी अधिकारी शिवाकोटीकी छोरी ऋतिका शिवाकोटी र प्रवाशी राजवशीका छोरा नेल्सनसिंह राजवंशीलाई पुरस्कार प्रदान गरिएको थियो । संस्थाकी सदस्य अनिता कार्की बस्नेतले शव्दद्वारा स्वागत गरेको कार्यक्रमको संचालन सचिव ममता राजवंशीले गरेकी थिइन् ।

## करेन्ट लगाएर माछा मार्दा एकजनाको मृत्यु

झापा(प्रस) । करेन्ट लगाएर माछा मार्दा झापाको मेचीनगरमा एकजनाको मृत्यु भएको छ । शनिवार बिहान १०:३० बजे मेचीनगर वडा न.४ बाहुनडाँगी बस्ने ५५ वर्षीय विकास प्रधानले आफ्नै माछा पोखरीमा हात्ती रोकथामको लागि लगाएको फेन्सिङ तारबाट जडान गरी पोखरीमा माछा मार्ने क्रममा उनलाई अचानक करेन्ट लागेको थियो । घाइते प्रधानलाई उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएकोमा अस्पताल पुऱ्याउनसाथ डाक्टरले मृत घोषणा गरेका थिए ।

साथै पोखरी छेउमा बाँधिएको गाई समेत करेन्ट लागेर मरेको छ । इलाका प्रहरी कार्यालय काँकडभिटाबाट टोली खटिएर घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# आत्मनिर्भर महिला साकोसको साधारण सभा सम्पन्न

बिर्तामोड(प्रस) । बिर्तामोडस्थित आत्मनिर्भर महिला बचत तथा ऋण सहकारी संस्थाको १४औं वार्षिक साधारण सभा शनिवार सम्पन्न भएको छ ।
संस्थाकी अध्यक्ष पवित्रा महतारा प्रसाईंको अध्यक्षतामा आयोजित साधारणसभामा अध्यक्षीय मन्तब्य राख्दै उनले अन्य सहकारी संस्थामा जस्तो अप्ठ्यारो अवस्था आत्मनिर्भर महिला साकोसले व्यहोर्नु नपरेकोमा सदस्यहरुलाई धन्यवाद व्यक्त गरिन् ।
'सबै सञ्चालक एवम् शेयर सदस्यहरु संस्थामा नै पुगेर वित्तीय कारोबार गर्नुहुन्छ, हामीले बचत संकलन गर्न कुनै कर्मचारी खटाउनु परेको छैन' उनले भनिन्, 'संस्थाका विषयमा कुनै जिज्ञासा लिएर आउने सदस्यहरुलाई हरेक दिन जसो हामी प्रष्ट पारिरहेका हुन्छौं ।'
'जबसम्म शेयर सदस्य, सञ्चालक र कर्मचारीहरु बीच पारदर्शी व्यवहार हुन्छ, तबसम्म कुनै पनि सहकारीमा अप्ठ्यारो नआउने रहेछ, हामी यही सुखद क्षणमा छौं' अध्यक्ष प्रसाईको भनाई थियो ।
बिर्तामोड नगरपालिकाका प्रमुखसमेत रहेकी साकोसका अध्यक्ष प्रसाईंले भनिन्, 'आत्मनिर्भर महिला साकोसले सुरुवातदेखि नै सहकारी ऐन तथा नियमको पूर्ण पालना गरेर कारोबार गरिरहेको छ र सिस्टममा रहेर कारोबार गरियो भने बाह्य प्रभावले असर पार्दैन रहेछ भन्ने कुरा प्रष्ट्याँछु ।'

लगभग सबैजसो सदस्य महिला रहेको सो संस्थामा केही पुरुष बालबचतकर्ताहरु साबालक भइसकेकाले अब उनीहरुलाई पनि सदस्यता प्रदान गरिने अध्यक्ष प्रसाईंले जानकारी गराइन् ।
सहकारी नियमन प्राधिकरणको निर्देशन बमोजिम केही पत्रकारहरुको उपस्थितिमा



सञ्चालक समिति, लेखा समिति, विभिन्न विभागीय उपसमितिहरु र शेयर सदस्यहरुका बीचमा केन्द्रित गरी पहिलो पटक साधारण सभा गरिएको हो । उक्त सभामा संस्थाको वार्षिक प्रतिवेदन कार्यकारी प्रमुख पुष्पा दाहालले वाचन गरेकी थिइन् ।
प्रस्तुत प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८१/८२ को असार मसान्तमा संस्थामा एक हजार ८५० जना शेयर सदस्य रहेका छन् । उनीहरुबाट १ करोड ४८ लाख १६ हजार ८०० रुपैयाँ शेयर पूँजी र ४ करोड ४२ लाख ६६ हजार ९१५ रुपैयाँ निक्षेप बचत संकलन गरिएको छ ।
यसैगरी सहकारी संस्थाको मेरुदण्ड मानिने साधारण जगेडा कोषमा १ करोड २० लाख ८५ हजार ९११, नियमनकारी कोषहरुमा ४९ लाख ७२ हजार ५१ र अन्य कोषहरुमा २० लाख ५५ हजार १३४ रुपैयाँ सहित आत्मनिर्भर महिला साकोस सक्षम संस्था भएर उभिएको बताइएको छ ।
वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै कार्यकारी प्रमुख दाहालले भनिन् 'संस्थाले सदस्यहरुमाझ ६ करोड ५ लाख १० हजार ५३१ रुपैयाँ ऋण प्रवाह गरी गत आर्थिक वर्षमा १ करोड १४ लाख ६६ हजार ४७३ रुपैयाँ नाफा आर्जन गर्न सफल भएको छ ।'
संस्थामा तरलताको अवस्था पल्सको मापदण्ड अनुसार पर्याप्त रहेको जानकारी दिँदै कार्यकारी प्रमुख दाहालले 'हामीसँग २ करोड ९ लाख ७० हजार ३१६ रुपैयाँ मौज्दात रहेकाले सदस्यहरुले निक्षेप मागेको समयमा फिर्ता दिन र ऋण मागेको अवस्थामा प्रवाह गर्न सक्षम रहेको' पनि प्रष्ट पारिन् ।
समीक्षा वर्षमा आत्मनिर्भर महिला साकोसले शेयर लाभांशको रुपमा १४ लाख ६५ हजार ५८१ रुपैयाँ र संरक्षित पूँजी फिर्ता कोषबाट ८ लाख १९ हजार ६७६ रुपैयाँ सदस्यहरुलाई वितरण गर्ने भएको छ ।
आत्मनिर्भर महिला साकोसका सचिव यशोदा प्रसाईंले सञ्चालन गरेको वार्षिक साधारणसभा समारोहमा सहभागी शेयर सदस्यहरुलाई कोषाध्यक्ष चन्द्रादेवी सेढाईंले शाब्दिक स्वागत गरेकी थिइन् ।
साधारणसभा समारोहमा लेखा समितिका संयोजक शर्मिला खतिवडा अधिकारीले समितिको प्रतिवेदन वाचन गरेकी थिइन् ।
सो समारोहमा असल बचतकर्ता रुपा चौधरी, असल ऋणी संगीता बुढाथोकी, एकल महिला सदस्य अनिता राजवंशी, उद्यमी महिला पवित्रा क्षेत्री, इमान्दार ऋणी सितामाया राई, उत्कृष्ट बाल बचतकर्ता सुरक्षा अधिकारी र अभिभावक शिव वाग्लेलाई दोसल्ला ओढाएर मायाको चिनोसहित प्रमाणपत्र प्रदान गरी सम्मान गरियो ।
कार्यक्रममा पत्रकार गोपाल काफ्ले र नयाँ उज्यालो बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष सुष्मा पौडेलले शुभकामना मन्तब्य राखेका थिए ।
सो कार्यक्रममा जीवन विज्ञान योग समूहले योग शिक्षा प्रदान गरेको थियो भने केही सदस्यहरुले आकर्षक नृत्य प्रस्तुत गरेका थिए ।

## पूर्वमन्त्री आफताव आलमको मृत्यु



झापा(प्रस) । नेपाली कांग्रेसका नेता एवम पूर्वमन्त्री मोहम्मद अफताव आलमको मृत्यु भएको छ। सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा उपचाररत आलमको शनिवार बिहान ३ बजेतिर मृत्यु भएको पारिवारिक स्रोतले जनाएको छ।

उनको स्वास्थ्य अवस्था खराब भएपछि भेन्टिलेटरमा राखेर उपचार भइरहेका थियो। सुगर, उच्च रक्तचापलगायत स्वास्थ्यमा समस्या देखिएपछि आलममा भर्ना भएका थिए। उनको स्वास्थ्यमा थप समस्या खराब बन्दै गएपछि भेन्टिलेटरमा राखेर उपचार भइरहेको थियो।

उनको शवलाई शनिवार बिहान एम्बुलेन्समार्फत रौतहट लगिएको छ। अन्तिम दाहसंस्कारका लागि शव गृहजिल्ला रौतहटको राजपुरतर्फ लगिसकिएको पारिवारिक स्रोतले जनाएको छ।

## कांग्रेसले तीन दिन झण्डा आधा झुकाउने

झापा(प्रस) । नेपाली कांग्रेसले पार्टीका केन्द्रीय सदस्य अफताब आलमको निधनमा तीन दिनसम्म झण्डा आधा झुकाउने निर्णय गरेको छ । शनिबार कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा बसेको आकस्मिक बैठकले आलमको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको हो ।

बैठकले कात्तिक २२, २३ र २४ गते पार्टीको केन्द्रीय कार्यालय, प्रदेश र जिल्ला कार्यालयमा झण्डा आधा झुकाउने निर्णय गरेको हो । त्यस्तै कात्तिक २३ गते केन्द्र, प्रदेश र जिल्ला कार्यालय बन्द गर्ने निर्णय समेत बैठकले गरेको छ ।

नेपाली कांग्रेसका पूर्व केन्द्रीय सदस्य, पूर्व मन्त्री एवं रौतहट जिल्लाका पूर्व सभापति मोहम्मद आफ्ताव आलमको ६३ वर्षको उमेरमा निधन भएको हो । काठमाडौंको सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा उपचारको क्रममा उनको निधन भएको हो।

## जेनजीहरुले झापामा विरोध प्रदर्शन गर्दै



झापा(प्रस) । जेनजी आन्दोलनले उठाएका मुद्धाहरु संबोधन नभएको भन्दै जेनजीहरुले झापामा विरोध प्रदर्शन गर्ने भएका छन् । जेनजी युनाईटेड मुभमेन्टको अगुवाईमा बिर्तामोड र दमकमा विरोध प्रदर्शन गरिने भएको हो । जेनजी युनाईटेड मुभमेन्टका अगुवाहरुले शनिवार बिर्तामोडमा पत्रकार सम्मेलन गरी कात्तिक २४ गते बिर्तामोडमा र २५ गते दमकमा विरोध प्रदर्शन गर्ने जनाएका हुन् । जेनजी आन्दोलनपछि नयाँ आशा, उत्साह र परिवर्तनको अपेक्षा गरिएकोमा त्यो आशा अझै पूरा हुन नसकेको ,जेनजी आन्दोलन दबाउन खोजेका तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री वा अन्य अधिकारीहरूमाथि अझैसम्म कारबाही नगरिएको , सहिद र घाइतेहरूको योगदान र बलिदानलाई नीतिगत रूपमा मान्यता दिन नसकेको , आगामी निर्वाचनअघि नै शासन प्रणाली र प्रत्यक्ष कार्यकारी व्यवस्थाबारे सुनिश्चितता हुन नसकेकोलगायतका मागहरु उनीहरुले अगाडि सारेका छन् । नेपाल पत्रकार महासंघ झापाको कार्यालयमा भएको पत्रकार सम्मेलनमा जेनजी अगुवाहरु सुवेश भारती ,सोनिया बिक , निशा भारती , सागर तामाङ, पंकज गिरी , रिचन राई , अन्जना राईलगायतको उपस्थिति रहेको थियो ।

## भारतलाई ९२ रनले पराजित गर्दै नेपाल विजयी



झापा(प्रस) । हङकङ सिक्सेस क्रिकेटमा नेपालले भारतलाई पराजित गरेको छ। हङकङमा जारी हङकङ सिक्सेस क्रिकेट प्रतियोगितामा भारतलाई नेपालले ९२ रनले पराजित गरेको हो।

नेपालले दिएको १३७ रनको लक्ष्य पछ्याएको भारतले ३ ओभरमा सबै विकेट गुमाएर ४५ रन मात्र बनाएको हो। भारतका लागि भरत चिपली र प्रियांक पञ्चालले १२/१२ रन बनाए भने अन्य ब्याटरले दोहोरो अंक जोड्न सकेनन्।

नेपालका लागि रशिद खानले ३ विकेट, बसिर अहमदले २ विकेट र रुपेश सिंहले १ विकेट लिए।

त्यस अगाडि नेपालका लागि रशिद खानले सर्वाधिक ५५ रन बनाएका थिए। यसैगरी सन्दीप जोराले ४७ रन र लोकेश बमले ३१ रन बनाएका थिए। नेपालले विना विकेट १३७ रन बनाएको थियो।

# त्रिभुवन विमानस्थलमा दर्जनौं उडान प्रभावित

झापा(प्रस) । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा १६ घण्टादेखि एयर फिल्ड लाइटिङमा समस्या देखिएको छ । कुन ठाउँमा फल्ट भएको हो भन्ने यकिन पत्ता लाग्न सकेको छैन। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक हंशराज पाण्डेका अनुसार शनिबार बिहान ४ बजेदेखि रनवे लाइटमा समस्या उत्पन्न भएको हो। 'आज बिहान ४ बजेदेखि नै रनवेभरि बल्ने लाइटमा समस्या भएको हो। सबै अन्डरग्राउन्ड तार



हुन्छन्। तीन किलोमिटर वारी र तीन किलोमिटर पारीको अन्डरग्राउन्ड तारमा कहाँ के समस्या भयो, त्यो पत्ता लाग्न सकेको छैन। जमिनमुनिको विषय भएकाले प्राविधिकहरू बिहानैदेखि लाग्नुभएको छ तर अहिले सम्म पत्ता लाग्न सकेको छैन,' पाण्डेले भने, 'दिउँसो उज्यालो भएकाले उडान अवतरण भइ नै रह्यो। तर साँझ साढे ५ बजेदेखि उडान अवतरण बन्द नै गरेका छौं।' मेन लाइन, स्ट्यान्डबाइ लाइन र कन्टिनजेन्सी सहित तीनवटा लाइन हुने गरेकोमा तीनवटै लाइन बिग्रिएको हुनाले यो धेरै ठूलो फल्ट भएको उनको अनुमान छ 'यो ठूलै खालको समस्या हो। यसपटक पानी बढी पर्यो। तीन किलोमिटर वारी, तीन किलोमिटर पारी र ४५ मिटर चौडाइ सहितको क्षेत्रफलमा कुन ठाउँमा तारमा समस्या भएको हो, त्यो पत्ता लगाउने प्रयास जारी नै छ,' उनले थपे, 'फेरि तारको फल्ट मात्र नभएर ग्राउन्ड फल्ट, सीसीआर फल्ट, कम्प्युटर फल्टसहित विभिन्न सिक्वेन्समध्ये कुनै एकमा फल्ट भएको हुन सक्छ। हामी सबै प्राविधिक टोली लागिरहेका छौं।'

साँझ साढे ५ बजेदेखि उडान अवतरण बन्द हुँदा राति ८ बजेसम्म दर्जनौं आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान प्रभावित भएका छन्। विमानस्थलका प्रवक्ता रिन्जी शेर्पाका अनुसार एयर फिल्ड लाइटिङ सिस्टममा समस्या देखिएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उडान तथा अवतरण प्रभावित बनेको हो।

रनवे किनारका लाइटमा समस्या देखिएपछि शनिबार साँझ साढे ५ बजेदेखि बन्द भएको विमानस्थल साँझ ८ बजे सम्म पनि सञ्चालनमा आउन सकेको छैन।

विमानस्थलको उत्तरतर्फको बत्तीमा देखिएको समस्या समाधान भए पनि दक्षिणतर्फको समस्या उस्तै रहेको र समाधानको प्रयास भइरहेको प्रवक्ता शेर्पाले जानकारी दिए।

उनका अनुसार अहिले केही आन्तरिक तथा केही अन्तर्राष्ट्रिय उडान डाइभर्ट गरिएको छ। उनले आन्तरिकतर्फ बुद्ध एयरको सुर्खेत-काठमाडौं-पोखरा, जनकपुर-काठमाडौं-जनकपुरका जहाज डाइभर्ट भएको बताए। त्यसैगरी, अन्तर्राष्ट्रिय तर्फ कोरियन एयरको दिल्ली र फ्लाइ दुबईको लखनउ डाइभर्ट गरिएको शेर्पाले जानकारी दिए। यस्तै विमानस्थलबाट उड्नुपर्ने जहाज त उडेका नै छैनन्।

यसैबीच नागरिक उड्डयन प्राधिकरणका एक कर्मचारीले यो लापरबाहीको हद भएको बताए । 'दिनमा चेक गरेको भए अहिले राति यस्तो गम्भीर समस्या हुँदैनथ्यो,' ती कर्मचारीले भने, 'यो त लापरबाहीको हद नै हो । नियमित चेक जाँच भएको भए पनि यस्तो समस्या आउँदैनथ्यो होला ।' यस विषयमा सम्बन्धित पदाधिकारीसँग तत्काल स्पष्टीकरण सोधेर आवश्यक कारवाही हुनुपर्ने ती कर्मचारीले बताए ।

# टाइब्रेकरमा आर्मीलाई हराउँदै एपिएफ फाइनलमा

झापा(प्रस) । झापाको शिवसताक्षीस्थित दुधे रंगशालामा जारी झापा महिला गोल्डकपको अन्तिम सेमिफाइनलमा एपिएफ फुटबल क्लबले रोमाञ्चक जित निकालेको छ । त्रिभुवन आर्मी फुटबल क्लबलाई टाइब्रेकरमा ४-२ ले पराजित गर्दै एपिएफले फाइनलमा नेपाल पुलिस क्लबसँगको विभागीय भिडन्त सुनिश्चित गरेको हो ।

खेलको सुरुवातदेखि नै दुबै टोली आक्रामक शैलीमा उत्रिएका थिए । प्रारम्भिक मिनेटदेखि नै आर्मी र एपिएफ दुवैले एकअर्काको गोलपोस्टमा निरन्तर दबाब सिर्जना गरे । २६ औं मिनेटमा एपिएफकी सरु लिम्बुले डिबक्स बाहिरबाट प्रहार गरेकी थिइन् तर बल पोस्टको नजिकबाट बाहिरियो । त्यसपछि २९ औं मिनेटमा आर्मीकी तुलसा बोहोराको क्रसमा फरवार्ड विमला चौधरीले लिएको हेडर गोलपोस्टमाथि गयो ।

३९ औं मिनेटमा एपिएफकी कप्तान अनिता बस्नेतको कर्नरमा रश्मिकुमारी घिसिङको भलिप्रहार आर्मीकी डिफेन्डरले रोकिन् । त्यसको एक मिनेटपछि आर्मीले काउन्टर अट्याक बनायो तर तुलसा बोहोराको अञ्जना राना मगरसँगको वान भर्सेस वान अवसर असफल रह्यो ।

दोस्रो हाफमा पनि खेल बराबरीको रफ्तारमा अघि बढ्यो । ५८ औं मिनेटमा रश्मिकुमारी घिसिङले दुई डिफेन्डरलाई छल्दै लिएको सट



आर्मीकी गोलकिपर कोपिला खड्काले बचाइन् । तर, ६३ औं मिनेटमा आर्मीले अग्रता लिन सफल भयो । डिफेन्डर निशा थोकर र गोलकिपर अञ्जना रानाबीचको तालमेल बिग्रँदा चन्द्रा भण्डारीले सहज गोल गर्दै आर्मीलाई १-० को अग्रता दिलाइन् ।

८१ औं मिनेटमा एपिएफकी कप्तान अनिता बस्नेतले दिएको क्रसमा रश्मिकुमारी घिसिङको हेडर गोलपोस्टको दिशा चुक्यो । तर, इन्ज्युरी समयमा खेलमा नाटकीय मोड आयो । आर्मीकी विमला चौधरीले ह्यान्डबल गरेपछि एपिएफले करिब २५ यार्ड दूरीबाट फ्रिकिक पायो । कप्तान अनिताको उत्कृष्ट फ्रिकिक गोल हुँदै खेल १-१ बराबरीमा पुग्यो ।

निर्धारित समय बराबरीमा सकिएपछि खेलको निर्णय टाइब्रेकरबाट भयो । टाइब्रेकरमा एपिएफका सबिता राना, अनिता बस्नेत, निशा थोकर र रश्मिकुमारी घिसिङले गोल गरे भने रेनुका हमालको प्रहार आर्मीकी गोलकिपर कोपिला खड्काले रोकिन् ।

आर्मीका विमला बिक र अनिता लम्जेलले मात्र गोल गर्न सके, जबकि विमला चौधरी र सुस्मिता चौधरीको प्रहार एपिएफकी अञ्जना राना मगरले बचाइन् ।

एपिएफकी गोलकिपर अञ्जना राना मगर प्लेयर अफ द म्याच घोषित भइन् । उनले १५ हजार रुपैयाँ र ट्रफी प्राप्त गरिन् ।

अब एपिएफले उपाधिका लागि नेपाल पुलिस क्लबसँग फाइनल खेल्नेछ । दुई विभागीय टोलीबीचको यो भिडन्त झापा महिला गोल्डकपको फाइनललाई थप रोमाञ्चक बनाउने अपेक्षा गरिएको छ ।

प्रतियोगिताको विजेता टोलीले नगद १० लाख १० हजार रुपैयाँ, उपविजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीलाई १ लाख ५० हजार रुपैयाँ र उत्कृष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर, फरवार्ड, प्रशिक्षक, उदीयमान खेलाडी र उच्च गोलकर्तालाई २५ हजार रुपैयाँका दरले पुरस्कार प्रदान गरिनेछ ।प्रतियोगिताको फाइनल खेल कात्तिक २४ गते हुनेछ ।

## आफ्नै कोठा अगाडिबाट मोटरसाइकल चोरिया

झापा(प्रस) । बिर्तामोडमा आफ्नै कोठाबाट एक व्यक्तिको मोटरसाइकल चोरी भएको छ । शुक्रवार बिहानको राति अन्दाजी २;३०बजे सुनसरी इटहरी -७ घर भई हाल बिर्तामोड -१ पाथीभरा टोलमा कोठा लिई बसेका रामकुमार सार्कीले आफ्नै कोठा अगाडी पार्किङ गरिराखेको



प्र.१-०२-०४प८३१८नम्बरको रातोकालो २२० सीसीको पल्सर मोटरसाइकल चोरी भएको हो । उनले घटनाबारे जानकारी गराएपछि इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी टोली खटिएर खोजतलास भइरहेको जनाइएको छ ।

# वर्षाले कृषि र पशुपन्छीमा तीन अर्ब ५५ करोडको क्षति



झापा(प्रस) । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गत असोजमा भएको भारी वर्षाका कारण देशभर कृषि तथा पशुपालनका क्षेत्रमा तीन अर्ब ५५ करोडको क्षति भएको जनाएको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले भारी वर्षाका कारण कृषि बाली, पशुपन्छी, पूर्वाधार र बीउबिजनतर्फ भएको क्षतिको विवरण सङ्कलन गरेको हो। मन्त्रालय मातहतका सबै प्रदेशमा रहेका कृषि कार्यालयले सम्बन्धित स्थानीय तहको समन्वय र सहयोगमा क्षतिको तथ्याङ्क सङ्कलन गरेका हुन्।

मन्त्रालयले सङ्कलन गरेको तथ्याङ्कका आधारमा बाढीबाट प्रभावित किसानलाई सहयोग, सुविधा, बिमाको सहजीकरण तथा राहत उपलब्ध गराउन राष्ट्रिय विपद् प्राधिकरणसँग मन्त्रालयले समन्वय गर्ने सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए। उनका अनुसार मन्त्रालयले क्षतिको थप विश्लेषण गर्न कार्यदल गठन गरेको छ।

खेतमा काटेर राखिएको धान सबै पानीले भिजेर कुहिएको तथा वर्षाले धानबालीमा पुर्याएको क्षतिका कारण उत्पादनमा समेत कमी आउने प्रक्षेपण गरिएको सूचना अधिकारी जोशीले बताए। उनका अनुसार काटेको धान उठाउन नपाउँदा ठूलो क्षति भएकाले सम्बन्धित किसानलाई आवश्यकताअनुसार सहयोग तथा सुविधा उपलब्ध गराइने छ।

मल, बीउबिजन, प्रविधि, प्राविधिक सीपलगायत क्षेत्रमा सहयोग उपलब्ध गराउँदै आएको मन्त्रालयसँग पर्याप्त बजेट नभएकाले विपद् प्राधिकरणमार्फत एकद्वार प्रणालीबाट प्रभावित किसानलाई सहयोग प्रदान गरिने जोशीले जानकारी दिए।

उनका अनुसार क्षतिको तथ्याङ्कका आधारमा आगामी दिनमा थप सतर्कता तथा जोखिम न्यूनीकरणका उपायसम्बन्धी अध्ययन तथा अनुसन्धान गरी विस्तृत रूपमा योजना निर्माण गरी कार्यान्वयन गरिने छ।

## सुनसरीमा ठूलो मात्रामा गाँजा बरामद



झापा(प्रस) । सुनसरीको बर्जु गाउँपालिका- ५ मा रहेको भित्री सडकखण्डबाट प्रहरीले लागूऔषध गाँजा बरामद गरेको छ। शुक्रबार राति ८ बजे इलाका प्रहरी कार्यालय दुहबी र सितागंजबाट खटिएको प्रहरी टोलीले बागमती प्रदेश-०१-०२७ च ०२४० नम्बरको स्कोरपियो गाडीबाट उक्त गाँजा फेला पारेको हो।

प्रहरीले गाडीबाट २ सय ५७ किलो ४५ ग्राम गाँजा बरामद गरेको छ। गाडी चालकको खोजी र यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## बाढीपहिरोको क्षतिबाट तीन अर्ब ७८ लाख बराबरको बीमा दावी

झापा(प्रस) । गत असोजमा गएको बाढी पहिरोका कारण पुगेको क्षतिका कारण बीमा कम्पनीहरुमा तीन अर्ब ७८ करोड ४० लाख ९० हजार बराबरको दावी परेको छ ।

गत असोज १७ गतेदेखि १९ गतेसम्म परेको अविरल वर्षाका कारण जनधनको क्षति भएको थियो । प्राधिकरणका अनुसार कुल ४३४ वटा बीमा दावीको आवेदन परेको छ ।

प्राधिकरणका अनुसार सम्पत्ति बीमा ३८२, इञ्जिनियरिङ तथा ठेकेदार जोखिम ९२, कृषि तथा बाली बीमा २०९, मोटर बीमा निजीतर्फ ३७, मोटर बीमा सार्वजनिक १०, अन्य बीमा एक र सामुन्द्रिक बीमाका तीन वटा आवेदन परेको छ । कूल ३७ जिल्लामा भएको क्षतिको क्षतिपूर्तिका लागि बीमा दावीको आवेदन परेको छ ।




सबैभन्दा बढी १९७ वटा बीमा दावीको आवेदन सुनसरीमा परेको छ । यस्तै, इलाममा ६०, काठमाडौँ ८०, मोरङ ९०, झापा २०, पर्सा ७१, रौतटहमा २८ वटा बीमा दावीको आवेदन परेको छ । प्राधिकरणका अनुसार गत भदौ २३ र २४ गतेको आन्दोलनका कारण भएको क्षतिको रु २३ अर्ब २३ करोड बराबरको बीमा दावीको आवेदन परेको छ ।

यस्तै, गत असारको बाढी पहिरोका कारण भएको क्षतिको कारण रु ९८ करोड ५९ लाख बराबरको बीमा दावीको आवेदन परेको थियो । प्राकृतिक जोखिमबाट हुने क्षतिमा भएको बृद्धिसँगै बीमा कम्पनीमा बीमा दावीको आवेदन पनि उल्लेख्य रूपमा बढेको छ । हाल नेपालमा १४ वटा निर्जीवन बीमा कम्पनी, चार वटा निर्जीवन लघुबीमा कम्पनीमा बीमा दावीको आवेदन परेको हो ।


## समयमै बसाइँसराइ दर्ता गरौं ।

**बसाइँ सरेर जाँदा चाहिने कागजातहरुः**

- लगत हस्तान्तरण फाराम,
- बसाइँसराइ गरेर जाने सूचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्षभन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र,
- बसाइँसराइ गर्नेको सबै प्रकारका व्यक्तिगत घटनाको दर्ता प्रमाणपत्र,
- बाबु बेपत्ता वा ठेगान थाहा नभएको भए सोसम्बन्धी प्रहरी प्रतिवेदन ।

**बसाइँ सरेर आउँदा चाहिने कागजातहरुः**

- लगत हस्तान्तरण फाराम,
- सूचकको नागरिकता ।
- सम्बन्धित स्थानीय तहमा ३५ दिनभित्र बसाइँ सराइको दर्ता गरौं

नेपाल सरकार विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## अन्तर त केबल दुरीको हो!

• **सन्तोष बोहरा**

टाढा छु म तिमीबाट
तर मन त यहाँ छैन
जहाँ तिमी हौ, त्यहीँ हरेक साँझ मेरो आत्मा पुग्छ
मोबाइलको स्क्रिनमा तिम्रो मुस्कान देख्दा
ऐनाभित्र म आफैँ हराउँछु।

दुई देश, दुई समय तर एउटै सपना–
'कहिले भेटिन्छौँ?' भन्ने प्रश्नले
रातभर निदाउन दिँदैन
घडीको काँटा तिमीलाई नजिक ल्याउँदैन
तर हरेक धड्कनले तिम्रो नाम उच्चारण गर्छ।

कहिले त फोनको आवाज पनि
मेरो आँसु लुकाउँछ
'म ठिक छु' भन्ने शब्दभित्र
कति पीडा हुन्छ, थाहा छैन तिमीलाई।

तिमी उता उज्यालो दिनमा
म यहाँ अँध्यारो रातमा
तर दुवैको मन एउटै चन्द्रमामा भेटिन्छ
तिमीले हेर्ने त्यो आकाश–
म पनि हेर्छु यहीँ
त्यसैले होला, हाम्रो दूरीमा पनि
आशा बाँचिरहेकी छ।

कहिले त लाग्छ–
दूरीले माया हराउँछ कि?
तर तिम्रो आवाज सुनिँदा थाहा हुन्छ
माया कुनै दूरीले हराउन सक्दैन।

तिम्रो याद त हावा जस्तै हो
देखिँदैन तर महसुस हुन्छ
तिम्रो माया पानी जस्तै–
जहाँ पुग्छ, मनलाई चिसो बनाउँछ।

म कति पटक फोटो हेरिरहन्छु
पुराना मेसेज पढिरहन्छु
तिम्रो 'म मिस यू' भन्ने तीन शब्दमा
सारा संसार बस्छ।

दिन सकिँदैन भेट
तर म भरोसा गर्छु–
कुनै दिन, कुनै बिहान
तिमी मेरो सामु हुने छ्यौ
र यी वर्षौँको दूरी
एकै अँगालोले मेटिनेछ
तब म रोएर पनि हाँस्नेछु
तिमीले भनेको 'पर्ख न, आउँछु'
वाक्यलाई सत्य पाउनेछु।

हिजो हजुरबुबा/आमालाई देखेँ–
ती पनि टाढै थिए कहिल्यै
तर भेट्दा भनिन्
'दूरीले माया बलियो बनाउँछ'
त्यो वाक्य अहिले बुझ्दै छु म–
तिमीलाई पर्खँदा
म आफूलाई बुझ्दै छु।
म जान्दछु–
हाम्रो माया भौगोलिक नक्सामा होइन
हृदयको स्पन्दनमा लेखिएको छ
यो सम्बन्ध त्यो धागो हो
जो दूरीले होइन
विश्वासले बाँधिएको छ।

तिमीलाई भेट्ने दिनको कल्पनामा
हर रात त्यो पहिलो चुम्बनको स्वाद
मनले नाच्छ
त्यो पर्खाइको मिठास
मलाई बाँच्न सिकाउँछ।

टाढा भए पनि तिमी मेरो नजिक छ्यौ
हावासँगै तिम्रो गन्ध
सपनासँगै तिम्रो तस्बिर
र हरेक धड्कनसँगै तिम्रो नाम–
यही हो मेरो प्रेम
टाढा भएर पनि टाढा नभएको प्रेम।

## एक्स्ट्रा म्यारिटल अफेयर!



• **ब्लुभिजन सुवेदी**

पियारा, एउटा प्रश्न गर्न मन थियो। मनमा हजार प्रश्नहरू त छन् तर ती सबै प्रश्नहरू सोध्न योग्य रहेनन् र अब उत्तर पाएँछु भने पनि ती उत्तर मेरा लागि उत्तर हुँदैनन्, झन् अर्को नयाँ प्रश्न बन्नेछन्। त्यसैले यो सम्बन्धबाट जाँदा-जाँदै एउटा प्रश्न तिमीलाई।।

खै त्यस्तो के थियो ती अरूकी श्रीमतीमा र तिमीले मलाई छोड्ने हिम्मत गर्‍यौ?

त्यस्तो अमूल्य अनि खास के थियो उनीसँग जुन मसँग थिएन?

उनी के कुरामा त्यति अब्बल थिइन्, जुन म सर्वस्व सुम्पिएर नि हुन सकिनँ?

उनले आफ्ना श्रीमान्सँग लुकेर र छलेर तिमीलाई के-के दिने गर्थिन्, जुन मैले यतिका वर्ष प्रेमिका भएर र श्रीमती भएर पनि तिमीलाई दिन सकिनँ?

त्यस्तो के थियो ती दुई सन्तानकी आमा र अरूकी श्रीमतीसँग कि तिमीले वर्षौंदेखिकी प्रेमिका र अहिलेकी श्रीमतीलाई नै यसरी लत्त्याउन सक्यौ?

बस् यति नै प्रश्न थियो मसँग, भनौँ भने मसँग यी प्रश्नपछि अरू कुनै प्रश्न नै हुँदैनन्। थाहा छ, तिम्रो उत्तरले मलाई अझै हजार वटा अरू प्रश्नहरू निकाल्दिन्छ तर पनि मलाई बुझ्न छ र मलाई जान्न छ- खै मसँग के थिएन र उनीसँग के-के थियो?

बस् यति त भनिदेऊ, केही गरी समयको खेलले मलाई र मेरो शरीरलाई बिच बाटोमै यो सासले साथ दिन सकेनछ भने पनि मेरो मनमा खड्को रहने थिएन। किनकि म एक सफल प्रेमिका त बनेँ, तिम्री श्रीमती पनि बनेँ तर एक सफल श्रीमती बन्न सकिनँ किनकि म तिम्रो एउटा मात्र श्रीमती बन्न सकिनँ। हो ल मानौँ धेरै वर्ष सम्बन्धमा बसेर तिम्रो मन भरियो होला मदेखि तर, तर विवाह बन्धनमा बाँध्नु अगाडि छोडिदिएको भए म एक श्रीमान्ले छोडिदिएकी श्रीमती त हुने थिइनँ, समाजले पाप बोकेर आएकी छे भनेर मेरो सौभाग्य बनेर आउने सन्तानलाई जन्मनु अगाडि सराप्ने थिएनन्। म आफै प्रेमबाट लुटिने थिइनँ।

भ्रममा परेकी श्रीमती जति अभागी कोही हुँदैनन् किनकि उसले भ्रममा आफ्नो घर परिवार छोड्छिन्, भ्रममा नै नाम पछाडिको थर छोड्छिन्। त्यही भ्रममा आफ्नो कुल छोड्छिन्। आफ्नो शरीर छोड्छिन्। यही भ्रममा जिन्दगीमा महिलाले छोड्न र दिन सक्ने सबै कुरा श्रीमान्ले राखेको भ्रम र दिएको भ्रममा छोड्छिन् तर ती भ्रमले उसको जिन्दगीभर अर्को भ्रम उमार्दिन्छ- कोही पुरुष सत्य हुँदैनन् र कुनै पुरुष साँचो हुँदैनन्।
पियारा, विवाह त पवित्र बन्धन होइन र? कसैसँग सात जुनी काट्छु भनेर, सात वचन खाएर, सयौँ परिवार र अग्निलाई साक्षी राखी साँचो मन र दिमागले, खाली सिउँदोमा सिन्दूर हाली, गलामा मङ्गलसूत्रको बन्धन दाम्लो जसरी लगाइदिएर अब मारे पाप पाले पुण्य भनेर अरूको घरमा फुलेर बसेकी छोरीलाई उसको आँगनबाट आफ्नो घरमा भित्र्याउँदै गर्दा, तिमी आफ्नो वचन र आफ्नो जवाफदेही भित्र कसिएर उभिन सकेनौ?

हामी हिजोको दिनमा प्रेम सम्बन्धमा रहँदा यति विश्वस्त किन बनायौ मलाई कि मेरो दिमागमा तिमी नै सर्वस्व, तिमी नै संसार भन्ने लाग्यो। मैले त्यही विश्वासमा आफ्नो श्रीमान् तिमी बनाउने निर्णय गरेँ र दैलामा आएका हजार विवाहका प्रस्तावलाई गलहत्याएँ। मैले ठाडो शिर पारेर कहिल्यै पर पुरुषलाई हेर्ने हिम्मत नै गरिनँ। यस्तै होला भन्ने भएको भए, तिमीले जिन्दगीमा मलाई ल्याएर पर्समा अर्काकी श्रीमतीको फोटो राखेर हिँड्दा म पनि त सिन्दूरमा तिमीलाई राखेर, सारीको फेरोमा अरू पुरुष राखेर हिँड्थे होला। तर मैले मायालाई इज्जत बनाएँ, सम्बन्धलाई धर्म जसरी निभाएँ। मेरो नैतिकताले मलाई कहिल्यै आफ्नो घरको दैलो कमजोर छ भनेर पराईका घरका छाना हेर भनेन।

सुन न मेरा नामका मात्र श्रीमान्, मलाई यसरी छोड्नु अगाडि पनि त हजार पटक छोडिसकेको त थियौ होला। किन कुनै दिन यो महसुस हुन दिएनौ कि म बोझ भइरहेको छु यो सम्बन्धमा भनेर? म तिमीलाई सजिलो बाटो दिने थिएँ, म खुला छोडिदिन्थेँ तिमीलाई। उसलाई पनि त दुई साना सन्तान र श्रीमान्लाई छलेर तिमीलाई समय दिन त गाह्रो भएको थियो होला। अनैतिक सम्बन्ध निभाउन त गाह्रो हुन्छ नि, यो दुनियाँ र समाजसँग लुकेर र लाज पचाएर हिँड्न। बरु मलाई चटक्क छोडिदिएको भए त यति बाधा तिमीलाई हुने नै थिएन नि।

छोड्नु थियो भने विवाहपश्चात् छोडिहालेको भए पनि यो कोखमा बसेको बच्चाले धर्तीमा टेक्नु अगाडि नै उसलाई बिना बाबुको टुहुरो बन्नै पर्थेन नि! भोलिका दिनमा यो बच्चाले बुबाबिनाको जिन्दगी कति संघर्ष गर्नुपर्छ, के-के सहन पर्छ, कति चिज झेल्नुपर्छ। अबको ८ महिनापछि मैले आफैलाई के जवाफ दिने? समाजले प्रश्न पक्कै गर्ने छ, बिना बाबुको बच्चा भनेर! किनकि मैले देखेको समाजले सजिलै महिलालाई केही कुरामा स्विकार्दैन, यो थाहा छ मलाई।

सुन न, भोलि यो बच्चाले बा खोज्ला, बाको काख खोज्ला, बाको माया खोज्ला, भोलि पढ्न जाँदा विद्यालयमा साथीका बाका माया देखेर आफ्ना बाको पनि त्यस्तै माया खोज्ला, अभिभावक दिवसमा बा-आमालाई बोलाऊ भनेर शिक्षकले भन्दा उसले मसँग आएर तिमी कहाँ छौ भनेर सोध्ला, म के जवाफ दिने?

कसरी उसलाई तिमी गलत हौ, गलत थियौ र तिमीले हामीलाई अलपत्र पारेर छोडेका थियौ भनेर त्यो अबोध बालकलाई सम्झाउने?

कसरी एउटा सन्तानको आँखामा बाप्रतिको घृणा उब्जाउने?

सुन न, मैले नसुनाएको कथा तिमीलाई सुनाउँछु, छोडेर जाँदै छौ, म सबै कुरा भनेर बिदा हुन्छु! मेरा दुःख सुनेर जिन्दगीमा कहिल्यै अपसोस भएछ आफ्नो यो निर्णयमा भने सोच्नु नि है, माफ दिन सकुँला नसकुँला तर दोषी तिमीलाई बनाउने छैन।

म सानै थिएँ रे, बल्लबल्ल बा भन्न सक्ने भएकी थिएँ रे, बाले बाल कथा सुनाउँदै बाटोमा हिँड्दा एक्कासि मुटु दुख्यो भनेर निसासिएर मुटु समाउँदा समाउँदा, मलाई समाउन नसकेर काखमा बसेकी म भुईंमा खसेकी थिएँ रे। माटोमा लडेका मेरा बा र म दुवै जना जिन्दगीमा उठ्नै सकिएन। बा भगवान्का प्यारा भए र बाको माया मैले कहिल्यै मनदेखि महसुस गर्नै पाइनँ।

आमाका सिउँदो पुछिए, चुरा फुटाइए, मङ्गलसूत्र चुँडाइदिए, त्यो लगाइराखेको रातो सारी पनि फेरिदिए। आमाका विवाहमा आमालाई दिएको भनेको सिन्दूर, पोते, चुरा मात्र थियो, बा जाँदा सिन्दूर, चुरापोते बाले आफैसँग लगेका थिए, त्यसमा कुनै गुनासो थिएन तर आमालाई मन पर्ने रातो रङ जुन आमाले बाल्यकालदेखि लगाउँथिन् त्यो पनि लगे। यो प्रश्न सधैँ खट्किन्थ्यो मनमा, रातो रङ श्रीमान्कै देन हो?

हुन त आमाका जिन्दगीमा अब रङ नै कहाँ थिए र आमा बेरङ भइन्, बा आफू त गए-गए, घरका खुसी, सुख, आमाका रङ, शान्ति सबै लिएर गएका थिए। अनि हामी आधा टुहुरो भयौँ, आमाले मलाई शिरमा राखेर यत्तिको बनाइन्। आमाका आँसु, आमाका संघर्ष, आमाको मिहिनेत सब देखेकी एक्लो छोरी म, अब आफूले रोजेको मान्छे पाएपछि उहाँलाई दोब्बर खुसी दिन्छु भन्ने आसमा बुनेका हरेक सपना फिक्का गराइदियौ पियारा। अब यो कलिलै उमेरमा पेटको बच्चा लिएर आमाकै झुपडीमा कसरी फर्किनु?

म त जसोतसो मन बुझाउँला, मेरी आमाका फुलेका कपाल र चाउरिएका गालामा फेरि खुम्चिएका निधार र भरिएका आँखा कसरी हेरौँ म, आमाले सन्तान जन्माएपछि, अकालमा श्रीमान् गुमाइन तर छोरीले सन्तान पेटमा रहँदै, श्रीमान् गुमाउन पुगिन्। फरक यत्तिको आमाको मन बरु बुझ्दो हो, आमाका ठाउँमा बाले अर्की महिला ल्याएनन् तर मेरो मन कसरी मान्दो हो, आफैले रोजेको श्रीमान्ले, उसको गर्भमा बच्चा रहँदा गुमाउन पुगेको भन्छन् नि आफैलाई मन परेर रोजेको जुत्ताले डस्दा केही गर्न सकिँदैन भनेर।

आमाका श्रीमान् फर्केर आउँदैनन्, मेरा सन्तानका बाले फर्केर हेरेनन्। कस्तो गोरेटो गल्लीमा हिँड्न पर्‍यो हामी आमा, छोरी र नातिनी। मेरो सन्तानले नि बाको मायाको भोगी भएर बाँच्नुपर्ने भयो। यति अन्याय एउटै मान्छेलाई यही जिन्दगीमा कसरी दिन्छौ हे भगवान? थाकिसकेँ म तिम्रा नाम हरेक मन्दिरमा जपेर तर तिमी मलाई दुःख दिनलाई किन थाकेका छैनौ बुझ्न सकिनँ।

दुनियाँका अगाडि तिमी पाएकोमा घमन्ड गर्ने मान्छे म, हेर न अब समाज र आफन्तका अगाडि कसरी अनुहार देखाऊँ? गलत तिमी गर्ने, सहनु मैले पर्ने अनि लाज मलाई लाग्ने, पीडा मलाई हुने कस्तो ऋण दियौ मलाई यो? मैले दिन सक्ने र गर्न सक्ने के गरेको थिइनँ? तिमीसँग केही नहुँदा र तिमी जिन्दगीमा हरेस खाँदा, मैले साहस दिएँ, आँट दिएँ, विश्वास दिएँ। तिमी गरिबीले पिल्सिँदा, नयाँ लाउने र मिठो खाने रहर गर्दा, आमाका ओखती किनेपछि बाँकी रहेका पैसा सबै तिमीलाई थमाएर म महिनाभरि जसोतसो गुजारा गर्थें।

बिना बाबुकी छोरी, बेरोजगार आमाकी छोरी हुँदा पनि घरको टिन फेर्न जरुरी हुँदा, तिम्रा पाउका फाटेका जुत्ता फेरिदिने म, मेरो मायाको अलिकति पनि इज्जत गर्न मन लागेन?

तिम्रा बाले जुवातासमा लगाएको ऋण तिर्न आमाले रहर गरेर फेर्न खोजेका सारीसमेत नकिनेर ती ऋण भरेकी मलाई, यति ठुलो बज्रपात दिँदै गर्दा तिम्री आमा किन मौन बसेकी छिन् भनेर प्रश्न गर्न मन थियो। तिम्रा बाले गोठालो जाँदा अरूका श्रीमतीलाई आँखा लगाए भन्दा समाजका अगाडि तिम्रा इज्जत जोगाउन साहुका अगाडि सुनपानी छोएर, भोलिका दिनमा यस्तो केही भए मेरो कठालो समाउनुहोला भनेर बिन्ती गरेर पुलिसका हातमा गएका तिम्रा बा पनि धरौटी बसेर जमानत गरेकी ममाथि यति अन्याय हुँदा अगाडि उभिएर छोरालाई एक प्रश्न गर्न नसकेका ती बालाई प्रश्न गर्न मन थियो।

बाको माया नपाएकी म, तिम्रा बाका हरेक इच्छा पूरा गर्न खोज्दा कति चाडबाडमा मैले कपडा पनि फेरिनँ तर आज ममाथि यो अन्याय हुँदा मौन बसेका ती आमा बाप्रति पनि ठुलो प्रश्न छ, अझै सबैभन्दा ठुलो प्रश्न तिमीलाई, भोलि ती महिलाले तिम्रा कमाएका २/४ पैसा लिएर अरू कसैसँग लागिन् भने कुनै अपसोस हुन्छ कि हुँदैन तिमीलाई?

किनकि सन्तान र श्रीमान् छोड्न सक्ने महिला र श्रीमती अनि धर्तीमै नआएको बच्चा छोड्न सक्ने बाले संसारमा जे अनि जो पनि छोड्न सक्छन्, भोलि त्यसले तिमीलाई छोडी भने के गर्छौ?

होस् जेसुकै गर तर मेरो बाटोमा झुक्किएर नि देखा नपर है, अब बच्चाका लागि एक्लो खम्बा भएर उभिनु छ। आमाको सहारा बन्नु छ, यस्ता दुनियाँका सारीमा लुक्दै हिँड्ने पुरुष मलाई चाहिएको छैन। त्यसैले जहाँ छौ, जस्तो छौ, जे छौ, त्यहाँ त्यसरी नै बाँच्नू।

तिमी मरेको खबर नआओस् मलाई तर खैर त्यो खबर पाएँछु भने पनि एक छाक खाना तिम्रो मरणमा छोड्ने छैन किनकि तिमीले शारीरिक र आर्थिक मोहमा मलाई फेरि एक पटक टुहुरो बनाइदिएका छौ। म बिर्सने छैन तिमीलाई र तिम्रो बैगुनलाई र म हार मानेर नि बस्ने छैन, तिमीलाई पश्चात्ताप हुने गरी प्रगति गर्ने छु। परैबाट मेरो सफलतामा जल्नू र खरानी हुनू है। एकल महिला भएर कुनै पुरुषको केही साथ बिना नै आमा र छोरीलाई खुसी राख्नेछु।

## सारिकाको सिउँदो



• **विमल लामिछाने**

अस्पतालको आइसियू बेडमा वार कि पार जस्तै थिइन् सारिका।उनका शून्य आँखाले छत हेर्दै वरिपरि गर्दै थिए। टाउकोमा गहिरो चोट, शरीरमा थकाइ, र मनमा पहाडजस्तो बोझ। गुम्सिएर निसास्सिएका भावनाहरू कसैसँग सेयर गर्ने मौका नै थिएन।

उनी एक हप्ता अघिसम्म विराटनगरको एउटा कलेजमा समाजशास्त्र पढाउँथिन्। उच्च चेहरा भएकी, गोरी र आकर्षक थिइन् सारिका। दिमाग पनि निकै तेज, पढाउने कला पनि अरूभन्दा पृथक भएको अनुभव साटिरहेका थिए, कलेजको अघिल्पट्टीको चौरीमा बसेका उनका समकक्षीहरू। परिवर्तनकी सम्बाहक हुन्। मान्छेलाई मोटिभेशन गर्न सिपालु र कडा छिन्। चिया पसलसम्म उनको प्रशंसा पनि सुनिन्थ्यो।

गौरव नाम गरेका साथीसँग उनको निकट सम्बन्ध थियो। उनका साथी गौरव सामाजिक अभियानी पनि हुन्। उनीजस्तै हक्की र निडर थिए गौरव। गौरवसँग कलेज पढ्दादेखिनै बसेको गाढा प्रेमलाई वैवाहिक जीवनमा परिणत गरेको वर्षदिनमात्रै कट्दै थियो। वैवाहिक जीवनमा बाँधिएर दुई बसन्त पनि बिताउन नपाउँदै बिछोडिनु पर्यो। जेन-जी आन्दोलनले गौरवलाई सारिकासँग चुँडेर लग्यो।

काठमाडौंमा जेन-जी आन्दोलनको अभियान चलाउने क्रममा उग्र भीडको बीच आक्रमणमा परे गौरव। भिडका बीचमा बतासिएर आएको बन्दुकको गोली छातीमै लाग्यो। ऐँइया पनि भन्न पाएनन्। उनी ठाउँको ठाउँ त्यहीँ ढले। सारिका बचिन्, तर घाइते भएर। रक्तम्य थियो उनको शरीर। शरीरभरि घाउ र मनमा अनगिन्ती चोट बोकेर अस्पतालको बेडमा अइया... अइया...को मन्द आवाज आइरहेको थियो।

सारिकाको पेटमा आठ महिनाको गर्भ थियो। अस्पतालको बेडमा सारिकालाई स्याहार गरिरहेका थिए डा.आर्यन। युवावस्था पार गरिरहेका, अनुभवी, शान्त स्वभावका, तर आँखामा गहिरो अनुभूति बोकेका उनले सारिकाको घाइते शरीरको उपचारमा बहुत मेहनत गरिरहको आभाष हुन्थ्यो। उपचारमा मात्र होइन, मानसिक पुनर्बहालीमा पनि विशेष ध्यान दिइरहेका थिए।
सारिकाको छेउमा एकोहोरो जस्ती निरीह भएर उभिएकी थिइन् उनकी सासूआमा जानकी देवी।

'हे भगवान! छोरालाई त खोसिहाल्यौ, अब बुहारी र यो जन्मन लागेकी नातिनीलाई त बचाइदेऊ! बरू मलाई चुँडाए हुन्छ, अब मेरो काम छैन।' उनी बर्बराउँदै बोल्थिन्। सक्छौ भने भगवान बाँचेकाहरूको लागि केही कृपा गर!

करिब दुई हप्ताको उपचारपछि सारिका अस्पताल नजिकै डेरा सरिन्।

डा. आर्यनको डेरा पनि सारिकाको डेराभन्दा दुई कोष टाढा मात्र थियो। अलिक दिनपछि सारिका सुत्केरी भइन्। डा. आर्यनकै सहयोगमा उनले छोरीको जन्म दिइन्। दिनहरू बित्दै गए। डाक्टरी सेवा बाहेक सामाजिक न्याय र महिला अधिकारका क्षेत्रमा काम गर्ने आर्यन आफै पनि अनाथ आश्रममा हुर्किएका व्यक्ति थिए । त्यसैले सारिकाको पीडा उनले आत्मीय रूपमा अनुभूति गरेका थिए ।

एकदिन जानकी देवीसँग उनले सोधे, 'आमा, म सारिकाको जीवनमा साथी बन्न सकूँ भन्ने चाहना राख्छु। तर तपाईंको अनुमतिमा मात्र अघि बढ्न चाहन्छु।'

जानकीको मन हलचल भयो। केही बोलिनन्। प्रतिउत्तर पनि गरिनन्। उनले मनमनै सोचिन्, विचरो गौरव जस्तै लाग्ने। आहा कति माया

❖ बाँकी तेस्रो पृष्ठमा

# चलचित्र “परान” ले दर्शकको मन जित्यो

• रमेश नेपाल

यतिबेला सिनेमा हलहरुमा प्रदर्शनरत नेपाली कथानक चलचित्र “परान“ले दर्शकहरुबाट सकारात्मक प्रतिक्रिया बटुलिरहेको छ । मर्मस्पर्शी पारिवारिक कथाबस्तु बोकेको यो फिल्म हेरेर दर्शकहरु भावुक भई भक्कानिएको भिडियोहरु सामाजिक सञ्जालमा छरिएका छन् ।

“सक्किगो नि” टेलिशृंखलामा “काकु” पात्रका रुपमा लोकप्रिय बनेका दिपकप्रसाद आचार्यको निर्देशकीय यात्रामा पहिलो कदमको रुपमा रहेको “परान”ले उत्कृष्ट कथा,जीवन्त अभिनय र मनछुने प्रस्तुतीको कारण चौतर्फी प्रशंसा पाइरहेको हो । दर्शकहरुले यसलाई आचार्यको डेब्यु निर्देशनमै एउटा अब्बल कार्यको संज्ञा दिएका छन् ।

चलचित्रको प्रमुख भूमिकामा रहेका बरिष्ठ अभिनेता नीर शाहको अभिनयलाई दर्शकले विशेष रुपमा मन पराएका छन् । शाहसँगै पुजा चन्द,मदनकृष्ण श्रेष्ठ,केकी अधिकारी,अन्जना बराईली,प्रबिण खतिवडा,महेश त्रिपाठी र बुद्धि तामाङ लगायतका कलाकारहरुको कामले पनि उत्तिकै तारिफ पाएको छ ।

प्रारम्भिक दिनहरुमा अपेक्षाकृत कम ओपनिङ भएता पनि सप्ताहन्तपछि फिल्मले हलहरुमा दर्शकको उपस्थिति बढाउँदै लगेको छ। खासगरी सोमबारदेखि दर्शकको संख्यामा आएको पिकअपले निर्माण पक्षलाई उत्साहित बनाएको छ ।

मैले पनि हिजो मात्र यो फिल्म हेर्ने अवसर पाएँ,मलाई घत लागेको सिन भनेको फिल्मको पहिलो हाफतिरै मदनकृष्ण र नीर शाहबिचको एउटा सम्बाद छ,जहाँ




मदनकृष्णको छोरा बिदेश उडिसकेको हुन्छ,नीर शाहले मदनकृष्णलाई मह दिँदै भन्छन् “ला खा यो मह,आज त मह खान मेरोमा आईनस् त?”त्यहाँ मदनकृष्ण भन्छन्-“आज मेरो छोरो बिदेश उडेको दिन मलाई यो मह कसरी मीठो लाग्ला र ! छोरासँगै मेरो सबै कुरा उड्यो । यो डायलगले मनै रुवायो ।”

त्यस्तै अर्को डायलग छ-“पहिले पहिले बुवाआमा मरे सन्तान टुहुरा हुन्थे,अहिले छोराछोरी ठुला भएपछि बुवाआमा टुहुरा हुँदा रहेछन् ”यो डायलगले मन कटक्क खान्छ,त्यस्तै छोराछोरीले नभनिकन बुझ्ने भएरै त बा भनिएको होला भन्ने डायलगले बाहरुको आदर्श झल्काएको छ ।

फिल्मको अन्त्यतिर पुर्खौंदेखि रहेको घरजग्गा छोराहरुले बेच्ने निर्णय गरेपछि भावुक भएका अभिनेता नीर शाहले छोराहरुको खुशीमा आफ्नो समर्थन जनाउँदै बगाएको आँसु र पुजा गर्दै गर्दा ढलेको शरीर अनि बैतर्नी गर्दै गर्दा ‘कान्छा,कान्छा’ भन्दै बर्बराइरहँदा माईलो छोरातिर औंलाको इशाराले तिमीहरु ३ दाजुभाइ कहिल्यै अलग नहुनु भन्दा माईलो छोराले ‘हवस् बुवा हामी सकेसम्म कहिल्यै अलग हुने छैनौं ’भन्ने शब्दले छोराहरु जति जना भए पनि बाहरुले छोराहरु कहिल्यै अलग नहुन् भन्ने चाहना राख्छन् भन्ने सन्देश दिन खोजिएको छ ।

त्यसैगरी फिल्मको अन्तिम सिनमा अमेरिका बसेका कान्छा छोराले सँगै रहेकी श्रीमतीलाई सोध्छन्“कान्छी हामीले अमेरिका आएर कति पैसा कमायौं?” कान्छी भन्छिन् “त्यस्तै एक-डेढ करोड ।”जवाफमा कान्छा भन्छन् “म यो सबै पैसा दिन्छु कसैले यो मेरो छेउमा ५ मिनेटलाई मेरो बालाई बसाईदियोस् न !” यो सम्बादसँगै फिल्मको अन्त्य हुन्छ । जुन सम्बादमा नरुने दर्शक कोही हुँदैनन्, अन्तिम सम्बादले भन्छ- जति नै धन सम्पत्ति कमाए पनि बालाई किन्न पाईंदैन ।

यो फिल्मको प्रस्तुतिसँगै सम्बाद र डायलगहरु यस्तो बलियो छ कि तपाईं ढुङ्गा हुनुहुन्छ भने पनि पग्लिनु हुन्छ ।त्यो तरिकाले वास्तविक कुराहरु देखाएकोले ,वास्तविक बेदना देखाएको भएर पनि होला त्यो हिसाबले यो फिल्म खतरा बनेर आएको छ । फिल्म हेर्ने जो कोही दर्शकलाई यो आफ्नै कथा लाग्ने छ ।

# जापानमा श्रमिकको माग प्रमाणीकरण सुरु

झापा(प्रस) । सरकारले संस्थागत अर्थात् वैदेशिक रोजगार व्यवसायी कम्पनीमार्फत नेपाली श्रमिकलाई विशिष्ट सिपयुक्त कामदार (स्पेसिफाइड स्किल वर्कर - एसएसडब्ल्यु) श्रमिकको माग प्रमाणीकरण सुरु गरेको छ । जापानस्थित नेपाली दूतावासले जापानमा एसएसडब्लु अन्तर्गतका श्रमिक लैजाने प्रमाणीकरण गर्न थालेसँगै श्रमिक पठाउने प्रक्रिया सुरु भएको हो ।



पछिल्लो समयमा मलेसिया र मध्यपूर्वी देश (खाडी) मा नेपाली श्रमिकको माग घटिरहेको अवस्थामा जापानमा एसएसडब्लु अन्तर्गतका श्रमिक पठाउने प्रक्रिया सुरु भएको हो । यसबाट केही राहत अनुभूति गराएको वैदेशिक रोजगार व्यवसायी बताउँछन् ।

जापानमा एसएसडब्लु अन्तर्गत एक वर्षमा करिब २० हजार नेपाली श्रमिक पठाउन सकिने अनुमान व्यवसायीले गरेका छन् । एसएसडब्लु अन्तर्गतका श्रमिकको मासिक न्यूनतम तलब करिब दुई लाख रुपियाँ रहेको छ ।

जापानमा निश्चित सिपयुक्त श्रमिक ल्याउने सम्बन्धमा प्रचलित कानुन, नियमावली, निर्देशिका र अन्य सम्बन्धित कानुनी प्रावधान, विधि र प्रक्रियाबमोजिम मागपत्र प्रमाणीकरण गर्ने कार्य आरम्भ गरिएको भन्दै नेपाली राजदूतावासले प्रमाणीकरणका लागि आवश्यक कागजातका सम्बन्धमा राजदूतावासको वेबसाइटमा राखेर सहजीकरण गरेको बताएको छ ।

एसएसडब्लु अन्तर्गत नर्सिङ, स्याहारसुसार, निर्माण, भवन सरसफाइ तथा व्यवस्थापन, पानीजहाज निर्माण र पानीजहाज मेसिनरी उद्योग, अटोमोबाइल, औद्योगिक मेसिनरी उत्पादन तथा इलेक्ट्रोनिक्स उद्योग, होटेल, उड्डयन, खाना र पेय पदार्थको उत्पादन उद्योग, खाद्यसेवा उद्योग, कृषिलगायतका १४ क्षेत्रमा श्रमिक पठाउन सकिने बताइएको छ ।

नेपाल र जापानबिच सन् २०१९ मा नै सम्झौता भए पनि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कार्यविधि नबनाउँदा समस्या थियो । श्रम मन्त्रालयले २०८० फागुनमा जापानमा निश्चित सिपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, २०८० स्वीकृत गरेको थियो ।

श्रम मन्त्रालयका सहसचिव पीताम्बर घिमिरेले केही ढिला भए पनि जापानको रोजगारी सुनिश्चित गर्न कार्यविधि अनुसार दूतावासले माग प्रमाणीकरण सुरु भएपछि श्रमिक जाने बताए । मन्त्रालयका अनुसार जापानस्थित राष्ट्रिय तथा बहुराष्ट्रिय कम्पनीले नेपालबाट श्रमिक लैजाने सबै सर्त पूरा गरिसकेकाले वार्षिक २० हजारभन्दा बढी दक्ष नेपाली श्रमिकको माग गर्ने आकलन छ ।

वैदेशिक रोजगार विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले श्रम स्वीकृति लिएर विदेश गएका श्रमिकमध्ये जापानबाट खासै गुनासो नआउने गरेकाले उत्कृष्ट र नेपालीले रुचाएको श्रम गन्तव्य भएको बताए ।

पाँच वर्षअघि जापानको श्रम बजारमा नेपाली लैजाने विषयमा समझदारी भएपछि धेरै नेपाली युवाले तालिम र भाषा परीक्षा सिकेर बसेका छन् । विभागको तथ्याङ्क अनुसार आव २०८२/८३ को पहिलो तीन महिनामा जापानका लागि करिब छ हजार नेपालीले श्रम स्वीकृति लिएर गएका छन् । यसमध्ये सबैभन्दा धेरै रेस्टुरेन्ट व्यवसायमा श्रमिकका रूपमा कार्यरत छन् ।

# नेपालको जलवायु प्रतिबद्धता

झापा(प्रस) । नेपालले जलवायु परिवर्तनका सम्बन्धमा विश्वसामु साझा सहकार्य, जलवायु न्याय र दिगो भविष्यका लागि तत्कालीन कार्यको आह्वान गरेको छ । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३० औं सम्मेलन (कोप-३०) पूर्वसन्ध्यामा यही कात्तिक २० र २१ गते भएको ‘लिडर समिट’मा नेपालले सो आह्वान गरेको हो । वन तथा वातावरण मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले नेपालको तर्फबाट वक्तव्य दिँदै नेपालले प्रकृतिमैत्री प्रणाली र वातावरणीय संरक्षणलाई सधैं प्राथमिकतामा राखेको उल्लेख गरिएको जानकारी दिए ।

‘हाम्रो ४६ प्रतिशत भूभाग वनले ढाकिएको छ, जुन स्थानीय समुदाय र आदिवासी जनजातिको सक्रिय सहकार्यमा सुरक्षित गरिएको छ’, उनले भने- ‘सगरमाथा र हिमालय हाम्रो पहिचान मात्र होइन, अर्बौं जनताका लागि जैविक विविधता, स्वच्छ हावा र पानीका प्रमुख स्रोत हुन् । यस कारण नेपाल विश्व जलवायु प्रणाली सन्तुलनमा महत्वपूर्ण योगदानकर्ता हो ।’

सचिव डा.मिश्रले नेपालको कार्बन उत्सर्जन अत्यन्त न्यून भए पनि बलियो नीति र कार्यमार्फत अग्रणी भूमिकामा रहेको उल्लेख गर्दै भने, ‘हाम्रो एनडिसी ३.० र एनएपीले पेरिस सम्झौताप्रतिको प्रतिबद्धता झल्काउँछन् । हामी जीवाष्म इन्धनको चरणबद्ध अन्त्य गर्दै विद्युतीय सवारी र स्वच्छ ऊर्जातर्फ तीव्र रूपान्तरणमा छौं ।’

सचिव डा.मिश्रले यस वर्ष काठमाडौंमा सम्पन्न सगरमाथा संवादको स्मरण गर्दै सगरमाथा संवादले बहुपक्षीयता सुदृढ गर्ने र तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभित्र सीमित राख्ने साझा प्रतिबद्धतालाई पुनः पुष्टि गरेको अवगत गराए ।

यी प्रयासहरूका बाबजुद नेपालमा जलवायु सङ्कट तीव्र बन्दै गएको उल्लेख गर्दै उनले यस वर्ष मात्र बाढी, पहिरो, खडेरी, हिमताल फुट्ने घटना र वन डढेलोका कारण तीन सयभन्दा बढी नेपालीले ज्यान गुमाउनुपरेको अवगत गराए ।

उनले पेरिस सम्झौताले परिणाम दिन थालेको तर आवश्यक गति र परिमाण भने अपेक्षानुसार नभएको उल्लेख गर्दै कमजोर देशका लागि वित्त र प्रविधिको पहुँच अझै जटिल र महँगो भएकाले यसलाई सहज र सबैका लागि सुलभ बनाउनुपर्नेमा जोड दिए ।

नेपालले यस सम्मेलनबाट १.५ डिग्री सेल्सियस तापक्रम लक्ष्यलाई मार्गमा राख्ने रोडम्याप कार्यान्वयन, ‘बाकु-बेलेम रोडम्याप’अन्तर्गत १.३ ट्रिलियन अमेरिकी डलर बराबरको जलवायु वित्त जुटाउने लक्ष्य पूरा, अनुकूलन कोषमा तीन गुणा वृद्धि र हानी नोक्सानीलाई पूर्ण रूपमा कार्यान्वयन गरी कमजोर देशहरूले सो कोषमा प्रत्यक्ष र सरल पहुँच पाउने व्यवस्थाको अपेक्षा गरेको उनले बताए ।

# स्काउटको निर्देशक नियुक्ति प्रक्रिया रोक्न माग गर्दै धर्ना

झापा(प्रस) । नेपाल स्काउटमा निर्देशक नियुक्ति प्रक्रियालाई लिएर विवाद चुलिएको छ। नेपाल स्काउट शुद्धीकरण अभियान समितिले शनिबार कार्यालय परिसरमा धर्ना दिएर नियुक्ति प्रक्रिया तत्काल रोक्न माग गरेको छ। समितिले धर्ना दिइरहेको बेला कार्यालयभित्र सर्टलिस्टमा परेका उम्मेदवारहरूको अन्तर्वार्ता चलिरहेको थियो। धर्नाका क्रममा प्रदर्शनकारी र प्रहरीबिच धक्कामुक्की समेत भएको थियो।

शुद्धीकरण समितिका संयोजक देवदूत अधिकारीले बहालवाला निर्देशक हुँदाहुँदै नयाँ निर्देशकको लागि भ्याकेन्सी आह्वान गर्नु गलत भएको बताए। उनले प्रमुख आयुक्तको विषयमा अदालतमा मुद्दा विचाराधीन रहेकाले निर्देशक नियुक्त गर्न नमिल्ने तर्क गरे।

अधिकारीले निवर्तमान युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले निर्वाचित प्रमुख आयुक्तलाई निलम्बन गरेर चौधरीकै विद्यालयमा स्काउट पढाउने शिक्षक देवराज घिमिरेलाई प्रमुख आयुक्त बनाएको आरोप लगाए। उनले स्काउटभित्रका विकृति, विसङ्गति र भ्रष्टाचार अन्त्य गर्न छानबिन समितिको प्रतिवेदन सार्वजनिक गरी दोषीलाई कारबाही गर्न माग गरे।

यसैगरी, स्काउटका निवर्तमान प्रमुख आयुक्त महेन्द्रराज रञ्जितले आफूलाई राष्ट्रिय परिषद्को बैठकले नियुक्त गरे पनि तत्कालीन मन्त्री चौधरीले कानुनी प्रक्रिया नपुर्‍याई हटाएर देवराज घिमिरेलाई आयुक्त बनाएको भन्दै आफूले सर्वोच्चमा मुद्दा हालेको बताए।

## सारिकाको...

गर्छ सारिकालाई ....। फेरि उता सम्झिन्छिन् यो कुरा सुन्दा सारिकाको मन अझ बेचैन हुने पो हो कि! कसरी सुनाउँ उनलाई, होस बरू अहिलेलाई नबोल्दै जितिएला।

डा.आर्यन केही दिनपछि महिला सशक्तीकरण दिवसको दिन पारेर सारिकालाई भेट्न गए। जुस, मिठाई, फलफूल र एउटा किताब लिएर। त्यो किताबको कभरमा लेखिएको थियो ‘जेनजी पुस्ता र महिला पुनर्जागरण’। सारिकालाई आर्यनले हातमा थमाइदिए। एकछिन बसे, सन्चो विसन्चो सोधे, औषधि भए नभएको सोधे, समय मिलाएर खान र बच्चा र आफ्नो स्वास्थ्यको ख्याल राख्न भनेर बाहिरिए।

दुई दिनपछि सारिकाले किताब पढ्ने इच्छा राखेर खोलिन्। किताबको पाना बीचमा एउटा चिठी रहेछ..।

प्रिय सारिका,

म तपाईंलाई एक्लै लड्न नपरोस् भन्ने चाहन्छु। जसरी तपाईंले समाज रूपान्तरणको सपना देख्नुभयो, म पनि तपाईंको जीवनमा सहयात्रीको सपना देख्छु। तपाईंको जीवनमा विगतको तिक्तताले होइन, भविष्यको हर्षले परिभाषित गरोस्। म तपाईंको हिजो होइन, आज र भोलि बनेर साथ दिन चाहन्छु।

... उही डा.आर्यन।

सारिकाको मुटु हल्लियो। केही बोल्न सकिनन्। निशब्द भयो, उनको गला अड्कियो। मनमा कुरा खेलिइरहे। एकपछि अर्को छाल बनेर भक्कानियो मुटु।

भोलिपल्ट आर्यन चिया समयमा सारिकाको डेरा छिरेकामात्र थिए। उनले एकैपटक आर्यनमाथि शब्दको वर्षावाँण गरिन्।

’डा. साब! मैले आन्दोलनमा लड्न पाएकोमा आफूलाई भाग्यमानी सम्झेकी छु, मुलुक परिवर्तन गर्ने यो महान यात्रामा जो केही चाहेर पनि सामेल हुन सक्दैन। श्रीमान गुमाएकी छु, तर सहिदको कोटा चुक्ता गरेकोमा म गौरवलाई स्याबासी दिन्छु। सहिद हुनु पनि अजम्बरी हुनु नै हो।

तपाईंको सेवालाई मैले एउटा डाक्टरको पेसा र कर्तव्य मात्रै ठानेकी हुँ। मैले मायाको भिख मागेकी होइन। मेरो सिउँदो रित्तिएको हो, त्यो भरिनै पर्दैन। म आजिवन गौरवकी हुँ। म सहिद गौरवकी धर्मपत्नीको परिचय मेटाउन चाहन्नँ।

डा. आर्यनले भने, ‘ठीकै छ, मैले जबर जस्ती गर्न चाहेको पनि होइन। तर तपाईं समाजशास्त्रको विद्यार्थी भएकाले समाज बुझ्नुभयो अब, बदल्ने दायित्व पनि तपाईंकै काँधमा छ। म निरीह विधवा नारी भएर होइन, तपाईंलाई परिवर्तनको संवाहक साहसी नारी भएर बाँचेको हेर्न चाहन्छु। तपाईंको जो विचार। म अहिले गएँ।’

सासू जानकीले पनि दुबैतर्फका कुरा सुनिन्। समय बित्दै गयो। केही समय मौन भइन्। समयसँगै उनको मौनताको घडी समाप्त भएको उनले देखिन् कि उनकी नातिनी (सारिकाको छोरी) आर्यनकै भरथेगमा हुर्किरहेकी छन्। अलि ठूली भएपछि दिनभरि आर्यनकै पछाडि लाग्ने गर्थिन्। तर उनले आर्यनलाई अंकल कहिलै भनिनन्। ‘आर्यन बाबा’ भनेर बोलाउन थालिसकेकी थिइन्।

एक साँझ ठूलो आँधीसहित पानी आयो। बिजुली चम्किएको बेला सारिका झ्याल बन्द गर्न उठेकी थिइन्। बाहिर बाटोमा आर्यन भिजिरहेको देखिन्। सारिकाको हृदयको कुण्ठा फुट्यो। ‘आर्यन, किन भिज्नुभएको ज्वरो आउँछ। झरी बतासमा बाहिर बसेर यस्तो गर्नुहुन्न। माया गर्नु भनेको सास्ती त हैन नि! खुरूक्क भित्र आउनू।’

आर्यनको चाहना पूरा गर्न नै आँधी आएजस्तै भयो। उनी केही नबोली सारिकाको तर्फ लागे। सारिकाले भिजेको लुगा फेर्न भनिन्। र तातो पानी, सुप बनएर खुवाइन्। एकैछिन मौनता छायो, बोलेनन् दुवै। तर आँखाका तरेलीहरू दुवैले एक अर्कालाई पहिल्याइरहेका थिए। सारिकाले मुख खोलिन् ‘मलाई पनि त्यो सास्तीमा तपाईंको साथ चाहिएको थियो। अब टाढा हुन सकिनँ।’

आर्यन मुस्कुराए।

त्यही साँझ, जानकी देवीले आर्यनको हातमा फूलमाला र सिन्दुरको डब्बा थमाउँदै भनिन्, ‘म समाजको नियमभन्दा तपाईंको माया ठूलो मान्छु। मेरो बुहारीको जीवन फेरिन तपाईंको हात र साथ दुवैको भूमिका छ, अब जीवनभर साथ दिनुहोस् बाबु।’

आर्यनले सारिकाको सिउँदो रंगाए। सारिकाको सिउँदोले दोस्रो पटक रंगीनशान्ति पाएको छ। त्यो सिउँदो अब समाजको मजाक होइन, समानताको प्रतीक बन्यो। अन्यायमा ठगिएको सारिकाको जीवनले न्याय पाएको महसुस भयो।

सारिका र आर्यनले मिलेर एउटा ‘सशक्त नारी केन्द्र’ स्थापना गरे, जसले जेन-जी आन्दोलनको भावनालाई विस्तार गर्‍यो। जहाँ विधवा, पीडित, अपांगता भएका र शोषित महिलाहरूले नयाँ जीवन पाउँछन्। त्यो सिउँदो, जसलाई समाजले विधवाको ‘शोक’ मानेको थियो, आज स्वाभिमानको ‘शान’ बनेको छ।


**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६९३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५५५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मीन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ